## राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

मिति २०८१ पौष १९ गते शुक्रबार विहान १०:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब.२०८१/०८२ को सातौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्नानुसार छन् :

**निर्णय नं. १:**

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने ।

**निर्णय नं. २:**

राक्सिराङ्ग गाँउपालिकाको आर्थिक वर्ष २०८१/०८२ को मिति २०८१।०९।१८ सम्मको कुल आय व्ययको विवरण अनुमोदन गर्ने ।

**निर्णय नं. ३:**

राक्सिराङ्ग गाउँपालिकाद्धारा क्रिस्चियन धर्मावलम्बीहरुको पर्व क्रिसमसका अवसरमा दिइएको मिति २०८१।०९।०९ र १० गतेको विदा अनुमोदन गर्ने ।

**निर्णय नं. ४:**

राक्सिराङ्ग गाउँपालिकाको अध्यक्षज्यूद्धारा मिति २०८१।०९।२५ गतेका लागि आवहान गरिएको गाउँसभाको हिउँदे अधिवेशनको निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ५:**

राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को गौरबका योजना अन्तर्गत स्वीकृत कार्यक्रम बमोजिम गिँगु राक्सिराङ्ग टोड्के भिम्बुङ्ग पर्यटन मार्ग, राक्सिराङ्ग-४, ८ र ९ को निर्माणको सन्दर्भमा परामर्शदाता संस्थाबाट पेश हुन आएको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।

**निर्णय नं. ६:**

क. आर्थिक वर्ष २०८१।०८२ को लागि विशेष अनुदान अन्तर्गत चेपाङ्ग बालबालिकाको गुणस्तरीय प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा सुधार कार्यक्रममा स्वीकृत भएको वार्षिक बजेट रु ५०,००,००० बाट प्रस्ताव माग गर्दा वखतमा पेश गरिएको कार्यक्रमहरुको आधारमा शिक्षा शाखाबाट पेश भए अनुसारको कार्यक्रम सञ्चालन प्रस्ताव स्वीकृत गर्ने ।

ख. राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत बजेट खर्च शीर्षक भैपरी आउने चालू खर्च शीर्षकबाट देहायका योजना तथा कार्यक्रमहरुमा तपशील बमोजिम रकमान्तर गरी विनियोजन गर्ने तथा भुक्तानी दिन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

| सि नं | कार्यक्रम/योजनाको नाम | विनियोजन रकम |
|---|---|---|
| १ | मोटरसाइकल मर्मत तालिममा सहभागीलाई सहयोग | रु ५०,००० |
| २ | चैनपुर हाटबजार मेला व्यबस्थापन | रु ४,००,००० |
| ३ | भ्याङ्गकाली मेला व्यवस्थापन कार्यक्रम राक्सिराङ्ग ३ | रु १,७०,००० |
| ४ | सिलाई मेशिन खरिद | रु १,००,००० |
| ५ | निशुल्क रेडियो वितरण कार्यक्रम | रु ४,००,००० |

ग. नेपाल विद्युत प्राधिकरण हेटौंडाबाट विद्युत लाईन विस्तारका लागि अपुग हुन गएको विद्युत पोल राक्सिराङ्ग ९ वडा कार्यालय सम्म ढुवानी गरेबापत भाडा रकम रु २०,००० भुक्तानी दिने ।

घ. राक्सिराङ्ग गाउँपालिकास्तरीय खेलकूद विकास समिति, राक्सिराङ्गको मिति २०८१।०८।१३ तथा ८।२४ गतेको सिफारिस बमोजिम मकवानपुर जिल्ला मनहरी गाउँपालिकामा मिति २०८१।८।१५ देखी २३ गतेसम्म संचालित दोस्रो स्व. गोकुल राउत स्मृती नकआउट फूटबल प्रतियोगितामा यस गाउँपालिकाबाट सहभागी भएका खेल टीमको व्यवस्थापकीय कार्यको लागि खर्च भएको रकम रु ८४२१२।०० गाउँपालिकाबाट भुक्तानी दिन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिका कार्यालय

चन्द्र गर्तौला
अधिकृत

ङ. राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा स्वीकृत योजना तथा कार्यक्रमहरुलाई वडासमितिको निर्णयबाट अनुरोध भई आए अनुसार देहाय बमोजिम संशोधन गर्ने ।

| सि नं | योजनाको नाम | रकम | संशोधन हुने योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | ढुसेनी चर्च निर्माण | ४००००० | ढुसेनी चर्च मर्मत | २००००० |
| | | | चेपाङ्ग सामग्री संकलन केन्द्र कम्पाउन्ड निर्माण (साझेदारी) | २००००० |

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल